# कर्मचारी सञ्चय कोष जनकपुरको कार्यालय भवन परिसरमा रहेका पुराना फर्निचर तथा अफिस सामानहरू लिलाम विक्री सम्वन्धी कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरको सिलवन्दी बोलपत्र आव्हानको सूचना

(जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२/०५/१९)

कोषको जनकपुरस्थित भवन परिसरमा रहेका पुराना फर्निचर तथा अफिस सामानहरु (जेजस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रदाता स्वयंले नै उठाएर लानु पर्ने) सिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीले देहायको शर्तहरुको अधीनमा रही सिलवन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ :

१. लिलाम विक्री गरिने पुराना फर्निचर तथा अफिस सामानहरु कोषको जनकपुरस्थित कार्यालय भवन परिसरमा रहेका छन् । ती सामानहरु कार्यालय समयभित्र हेर्न सकिने छ ।

२. बोलपत्रदाता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्रदाता संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिसमेत राखी रु. १०००/- (फिर्ता नहुने) **एन.एम.वी.बैंक लि.**जनकपुर स्थित कोषको खाता नं. **०३०००१२२४३००४५१** मा नगदै जम्मा गरेको सक्कल भौचर सहित लिखित अनुरोध गरेमा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरवाट कार्यालय समयभित्र बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र दाखिला गर्ने र प्राप्त बोलपत्रहरु खोल्ने म्याद देहाय बमोजिम हुनेछ :

   (क) बोलपत्र फारम यो सूचना जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मिति ( २०८२/०५/१९ ) ले २१ दिन भित्र खरिद गरिसक्नु पर्नेछ ।

   (ख) पत्रिकामा बोलपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औ दिन (२०८२/०६/०९) दिनको १२:१५ वजेभित्र बोलपत्र फारम कोषको कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरमा बुझाई सक्नु पर्नेछ ।

   (ग) प्राप्त बोलपत्रहरु पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औ दिन (२०८२/०६/०९) दिनको १:३० वजे कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरमा कार्यालय प्रमुख एवं कर्मचारी तथा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

   (घ) उल्लिखित मितिमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन उल्लिखित समयमा नै उक्त कार्यहरु हुनेछन् ।

४. लिलाम विक्री गरिने पुराना फर्निचर तथा अफिस सामानहरुको विस्तृत विवरण बोलपत्र कागजातमा उल्लेख गरिएको छ । उक्त सामानहरुको न्यूनतम मूल्य फर्निचरहरूको रु. २४,६५०।- र अफिस सामानहरुको रु.१,३५,७००।- गरी जम्मा रु. १,६०,३५०।- ( अक्षरेपी एकलाख साठीहजार तीनसय पचास मात्र) रहेको छ ।

५. बोलपत्रदाताले उल्लिखित लिलाम बिक्री गरिने फर्निचर तथा अफिस सामानहरुको लागि एउटै आवेदन दिनुपर्नेछ । आंशिक सामानको लागि मात्र बोलपत्र पेश गर्न पाईने छैन । बोलपत्र साथ उल्लिखित सामानहरुको लागि मूल्य अभिवृद्धि कर सहितको कूल कबोल रकमको कम्तिमा १० प्रतिशतले हुनआउने धरौटी बापतको रकम कर्मचारी सञ्चय कोष, शाखा कार्यालयको **एन.एम.वी.बैंक लि.**, जनकपुर स्थित कोषको खाता नं.**०३०००१२२४३००४५१** मा नगदै जम्मा गरेको सक्कलै भौचर संलग्न राखी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रसाथ व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले कवोल रकममा मूल्य अभिवृद्धि कर समेत थप गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

७. म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, पर्याप्त धरौटी समावेश नभएको र मूल्य अभिवृद्धि कर समावेश नभएको तथा मूल्य अभिवृद्धि करबाहेकको कवोल रकम उल्लिखित न्यूनतम मूल्यभन्दा घटि भएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन ।

८. बोलपत्र फाराम सिलवन्दी गरी खामको वाहिर **"कर्मचारी सञ्चय कोष जनकपुरको कार्यालय भवन परिसरमा रहेका पुराना फर्निचर तथा अफिस सामानहरू लिलाम विक्री सम्वन्धी कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरको सिलवन्दी बोलपत्र"** उल्लेख गरी कोषलाई सम्बोधन गरी पेश गर्नुपर्नेछ ।

९. प्राप्त वोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार कोषमा सुरक्षित रहनेछ ।

१०. उक्त सामानहरुको लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा अवस्थाहरु वोलपत्र कागजातमा नै उल्लेख गरिएको छ । अन्य जानकारी आवश्यक भएमा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

११. यो सूचना कोषको Website: www.epf.og.np मा समेत हेर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
शाखा कार्यालय, जनकपुर
फोन नं. ०४१- ४२२१६६
**E-mail: janakpur@epf.org.np**